त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
बल्खु

**Grading System अनुसार स्नातकोत्तर तह दोश्रो वर्ष चौथो शत्र २०७६ समूहको नियमित परीक्षा दिई दुई विषय सम्म अनुत्तिर्ण हुने विद्यार्थीहरुको आंशिक (Make Up) परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार २०८० सालमा संचालन हुने स्नातकोत्तर तह **गणित, वातावरण विज्ञान, रसायन शास्त्र, तथ्यांक शास्त्र, कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि र बायोडाइभरसिटी एण्ड इन्भारोमेन्टल म्यानेजमेन्ट (BEM)** विषय **दोश्रो वर्ष चौथो शत्र –२०७६ समूहको नियमित परीक्षा दिई दुई विषयसम्म अनुत्तीर्ण हुने विद्यार्थीहरुको आंशिक ( Make Up )** परीक्षाको परीक्षा आवेदन फाराम २०८० साल असार ३ गते सम्म वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्वन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले फारामहरु रुजु गरी मिति २०८० साल असार ५ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्ने छ ।

१. परीक्षा शुल्क : रु. १,५००।-

२. विलम्व शुल्क :
परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म रु. १,५००।-

३. परीक्षा शुल्क बुझाउने सम्बन्धमा :

सम्वन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल वैंकको चल्ती हिसाव नं. ०४५००१०००९११०७००००१ मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

४. परीक्षा केन्द्र : **पछि तोकिने छ ।**

द्रष्टव्य :

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।
* नियम विपरित परीक्षार्थीले परीक्षा आवेदन फाराम भरी परीक्षा दिएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द भएमा वा ट्रान्सकृप्ट लिनवाट वन्चित भएमा परीक्षार्थी स्वयम् वा केन्द्रीय विभाग/क्याम्पस/कलेजहरु नै जिम्मेवार हुनेछन् ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी वुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।
* परीक्षार्थीले मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्दा लब्धांक पत्रको फोटोकपी फारम साथै अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

सहायक डीन

२०८०।०२।१५